# स्थानीय राजपत्र

**छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित**

**खण्डः २) छत्रकोट गाउँपालिका, मितिः २०७५/०३/०१ (संख्याः ४**


## भाग–२

## छत्रकोट गाउँपालिका, गुल्मी

### २०७५ सालको कार्यविधि नं. ४

### कार्यविधिको नाम : छत्रकोट गाउँपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०७५

गाउँ कार्यपालिकाबाट स्वीर्कत मितिः २०७५/०२/२८

**प्रस्तावनाः**

सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि भौतिक पूर्वाधारले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । भौतिक पुर्वाधारलाई मर्मत, संहार र दिगो गर्नको लागिमर्मत सम्भार कोष स्थापना गर्नु पर्ने आवश्यक भएको हुँदा स्थानिय सरकार संचालन ऐन, २०७४ प्रयोग गरी यो मर्मत सम्भार कोष संचालन कार्यविधि २०७५ तयार गरिएको हो ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम "मर्मत सम्भार कोष संचालन कार्यविधि २०७५" रहने छ।

१.२ यो कार्यविधि गाँउपालिकाको सभाले पारित गरे पछि लागू हुनेछ।

## परिच्छेद-२
## परिभाषा

२. विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले मर्मत सम्भार कोष संचालन कार्यविधि २०७५ सम्भन्नु पर्छ।

(ख) "गाँउपालिका" भन्नाले छत्रकोट गाँउपालिका सम्भन्नु पर्छ।

(ग) "सचिव" भन्नाले गाँउपालिका सचिव तथा प्रमुख प्रशासकीय अधिकृतलाई सम्भन्नुपर्छ।

(घ) "स्थानिय निकाय" भन्नाले गाँउपालिकालाई सम्भन्नु पर्छ।

(ङ) "उपभोक्ता समिति" भन्नाले गाऊँ टोल आदि क्षेत्रमा सञ्चालनहुने आयोजनावाट प्रत्यक्ष सेवापुग्ने समूहवाट उक्त योजना संचालनगर्न वनेको समितिलाई सम्भन्नु पर्छ।

(च) "भुक्तानी रकम"भन्नाले निर्माण भएको भौतिक पुर्वाधारको भुक्तानी हुँदा गाँउपालिका अनुदान, नेपाल सरकारको अनुदान, कुनै अन्य संस्थाको अनुदान तथा उपभोक्ताको लागत सहभागिता समेतको रकमलाई जनाउंछ।

## परिच्छेद-३

## व्यवस्थापन समिती

३.१ व्यवस्थापन समितिको गठन :-

क) मर्मत सम्भार कोषलाई वढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ :-

१. गाउँपालिका अध्यक्ष - संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३. गाउँपालिका अध्यक्षले तोकेको वडा अध्यक्ष मध्येवाट १ जना -सदस्य

४. गाउँपालिका अध्यक्षले तोकेको गाउँ कार्यपालिकाका सदस्य मध्येबाट १ जना - सदस्य

५. लेखा प्रमुख - सदस्य

६. योजना शाखा प्रमुख - सदस्य

७. प्राविधिक शाखा प्रमुख - सदस्य सचिव

ख) समितिको वैठक कम्तिमा ४ महिनामा एक पटक वस्ने छ र आवश्यक परेमा जुनसुकै वखत पनि बस्नेछ।

ग) बैठक बसेको वखत बैठक भत्ता स्था.नि.आ.प्र. सम्वन्धी नियमावली अनुसार हुने छ।

घ) बैठकमा आवश्यकता अनुसारका व्यक्ति तथा विशेषज्ञलाई आमन्त्रण गरी आमन्त्रितको रुपमा राख्न सकिने छ।

३.२ व्यवस्थापन समितीको कामकर्तव्य र अधिकार :-

क) व्यवस्थापन समितीको निम्नानुसार कामकर्तव्य र अधिकार हुनेछ ।

१. गा.पा.मा रहेका सडकहरुको प्राथमिकतातोकी मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम बनाउने ।

२. मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि श्रोत र साधनको खोजी गर्ने ।

३. मर्मत सम्भारलाई दिगो र भरपर्दो बनाउने उपायको खोजी गर्ने ।

४. भौतिक पूर्वाधार मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्न तत्सम्वन्धि कार्य योजना बनाउने ।

५. भौतिक पूर्वाधार मर्मत सम्भार कार्यलाई प्रभावकारी बनाउने ।

६. भौतिक पूर्वाधार मर्मत सम्भार समवन्धी कार्यको अनुगमन तथा निरीक्षण गर्ने ।

## परिच्छेद-४

## कोष स्थापना

**४. मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोष स्थापना गरिनेछ जसमा देहायबमोजिमको रकम जम्मा हुने छ :-**

(१) नेपाल सरकारवाट मर्मत संभार कोषको लागि भनी तोकीदिएको रकम ।

(२) स्थानीय निकायबाट मर्मत संभारको लागि प्राप्त रकम ।

(३) स्थानीय गैह्र सरकारी संघ संस्थावाट मर्मत संभारको लागि प्राप्त रकम ।

(४) अन्तराष्ट्रिय गैह्र सरकारी संघ संस्थाबाट मर्मत संभारको लागिप्राप्त रकम ।

(५) गाँउपालिकाबाट संचालन भएको रु.५,००,०००।- भन्दा माथिका सडक निर्माण कार्यक्रमको भुक्तानी हुँदा भुक्तानी रकमको २ प्रतिशतले हुने रकम ।

(६) अन्य निकायहरुबाट मर्मत संभार कोषमा जम्मा हुने गरी तोकीदिएको रकम ।

**४.१ कोष सञ्चालन :-**

(क) कोषको नाममा प्राप्त हुन आएको रकम छत्रकोट गाँउपालिका कार्यालयको मर्मत सम्भार कोष नामको खाताखोली जम्मा गरिने छ ।

(ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको प्रमुखको संयूक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(ग) कोषको आन्तरिक लेखा परिक्षण गाँउपालिकाको आन्तरिक लेखा परिक्षण शाखावाट हुनेछ ।

(घ) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

## परिच्छेद-५

## कोषको खर्च प्रणाली

**५. कोषबाट हुने खर्च :-** मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको मर्मत सम्भार कार्यमा मात्र खर्च गरिने छ ।

१. भौतिक पुर्वाधारहरु नियमित मर्मत सम्भार ।

२. भौतिक पूर्वाधारहरु पटके मर्मत सम्भार ।

३. भौतिक पूर्वाधारहरु आवधिक मर्मत सम्भार ।

४. आकस्मिक मर्मत सम्भार ।

## परिच्छेद -६

**६. मर्मत सम्भार कार्य गराउने व्यवस्था :-**

मर्मत सम्भार कोष व्यवस्थापन समितिको सिफारिशमा गाँऊपालिका भित्र रहेका भौतिक पूर्वाधार नियमित मर्मत सम्भार, पटके मर्मत, आवधिकमर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ । उपभोक्ता समितीवाट कार्य गराउदा गाँउपालिकाबाट स्वीकृत उपभोक्ता समिती कार्यविधि अनुसार गरिने छ । भौतिक पूर्वाधारको नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार कार्यालय आफैले पनि स्थानीय निकाय आ.प्र. सम्वन्धी नियमावली बमोजिम गर्न सक्ने छ ।

## परिच्छेद-७
## विविध

७.१ मर्मत सम्भार कोष संचालन कार्यविधि संशोधन वा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाबाट संशोधन गर्न सकिने छ ।

७.२ यो कार्यविधिमा उल्लेख भएको कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियमअनुसार हुने छ ।

७.३ यस कार्यविधिमा लेखिएका कूराहरु प्रचलित स्थानीय सका संचालन संबन्धि ऐनसँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

प्रमाणिकरण मितिः २०७५।०३।०१

आज्ञाले

..........................

प्रमुख प्रशासकीय अधिकृत